संघीय संसद
प्रतिनिधि सभा
एघारौं अधिवेशन
बैठक संख्या - ५०

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल साउन १७ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री भुपेन्द्र बहादुर थापा
२. मा० श्री महेन्द्र कुमारी लिम्बु
३. मा० श्री महेश बस्नेत
४. मा० श्री मिनबहादुर विश्वकर्म
५. मा० श्री मिना सुब्बा
६. मा० श्री मोहन बानियां
७. मा० श्री मोहन प्रसाद पाण्डे
८. मा० श्री यशोदा गुरुङ्ग सुवेदी
९. मा० श्री रंगमती शाही
१०. मा० श्री रामबहादुर विष्ट
११. मा० श्री रामवीर मानन्धर
१२. मा० श्री रेनुका गुरुङ्ग

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री विशाल भट्टराई
२. मा० श्री सञ्जय कुमार गौतम
३. मा० श्री सुरेश कुमार राई
४. मा० श्री सुरेन्द्र कुमार यादव
५. मा० श्री अनिल कुमार झा
६. मा० श्री प्रेम सुवाल
७. मा० श्री यज्ञराज सुनुवार
८. मा० डा० अमरेश कुमार सिंह
९. मा० श्री अमनलाल मोदी
१०. मा० श्री झपटबहादुर रावल
११. मा० डा० डिला सँग्रौला (पंत)
१२. मा० श्री दलबहादुर राना
१३. मा० श्री केदार सिग्देल

तत्पश्चात प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले प्रतिनिधि सभामा उत्पत्ति भएको “खानेपानी तथा सरसफाइ विधेयक, २०७७” का सम्बन्धमा राष्ट्रिय सभाबाट संशोधन सहित प्राप्त सन्देश टेबुल गर्नुभयो ।

त्यसपछि सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दिलेन्द्र प्रसाद बडूले राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त “शपथ सम्बन्धी विधेयक, २०७९ माथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त “शपथ सम्बन्धी विधेयक, २०७९ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री दिव्यमणि राजभण्डारी
२. मा० डा० भीम बहादुर रावल
३. मा० श्री प्रेम सुवाल
४. मा० श्री छक्क बहादुर लामा
५. मा० श्री गजेन्द्र बहादुर महत
६. मा० श्री खेम प्रसाद लोहनी

तत्पश्चात सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दिलेन्द्र प्रसाद बडूले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त “शपथ सम्बन्धी विधेयक, २०७९ माथि विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा मा० श्री प्रेम सुवालले सदनमा गणपुरक संख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्ने भएकोले गणपूरक संख्या यकिन गर्न सचिवालयलाई निर्देश गर्नुभएपछि ३ मिनेटको जनाउ घण्टी बजाई उपस्थित

मा० सदस्यहरुको संख्या गणना गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा मा० सदस्यहरुको संख्या ९२ रहेकोले सम्माननीय सभामुखले गणपुरक संख्या पुगेको जानकारी गराउनु हुँदै उल्लिखित प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दिलेन्द्र प्रसाद बडूले राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त "स्टाण्डर्ड नाप र तौल (पाँचौं संशोधन) विधेयक, २०७८ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त "स्टाण्डर्ड नाप र तौल (पाँचौं संशोधन) विधेयक, २०७८ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री दिव्यमणि राजभण्डारी
२. मा० श्री नारायण प्रसाद खतिवडा
३. मा० श्री मोहन बानियां
४. मा० श्री घनश्याम खतिवडा
५. मा० श्री खेमप्रसाद लोहनी
६. मा० श्री समिना हुसेन
७. मा० श्री छक्क बहादुर लामा
८. मा० श्री केदार सिग्देल
९. मा० श्री प्रेम सुवाल
१०. मा० श्री पद्य नारायण चौधरी (थारु)

त्यसपछि मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दिलेन्द्र प्रसाद बडूले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त "स्टाण्डर्ड नाप र तौल (पाँचौं संशोधन) विधेयक, २०७८ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत मा० श्री घनश्याम खतिवडाले सदनमा गणपुरक संख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्ने भएकोले गणपूरक संख्या यकिन गर्न सचिवालयलाई निर्देश गर्नुभएपछि ३ मिनेटको जनाउ घण्टी बजाई उपस्थित मा० सदस्यहरुको संख्या गणना गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा मा० सदस्यहरुको संख्या ७१ रहेकोले सम्माननीय सभामुखले गणपुरक संख्या पुगेको जानकारी गराउनु हुँदै उल्लिखित प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दिलेन्द्र प्रसाद बडूले राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त "प्रत्यायन विधेयक, २०७८ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त "प्रत्यायन विधेयक, २०७८ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा मा० श्री दिव्यमणि राजभण्डारी र मा० श्री प्रेम सुवालले भाग लिनुभयो ।

तदुपरान्त मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दिलेन्द्र प्रसाद बडूले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त "प्रत्यायन विधेयक, २०७८ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल साउन २२ गते आइतबार बिहान ११:०० बजे बस्नेगरी आजको बैठक दिनको ४:१० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव